# नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको
# बिसौं वार्षिक साधारण सभाको
# निर्णय (माईन्युट) विवरण

## १) प्रारम्भिक

नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको बिसौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री गोविन्द लाल संघईज्यूको अध्यक्षतामा मिति २०७७ माघ २८ गते (तदनुसार १० फेब्रुअरी २०२१) बुधबार होटल भिष्वा, बिरगञ्जमा बिहान ९:०० बजे शुरु भई अपरान्ह १२:३० बजे सम्पन्न भयो । साधारण सभाका निर्णयहरु तथा अन्य काम कारबाहीको विवरण देहाय बमोजिम रहेका छन् ।

## २) उपस्थिति

### क) संचालकहरुको उपस्थिति

| | |
|---|---|
| १. श्री गोविन्द लाल संघई | अध्यक्ष |
| २. श्री राम अवतार अग्रवाल | सञ्चालक |
| ३. श्री कमलेश कुमार अग्रवाल | सञ्चालक |
| ४. श्री प्रकाश मुन्दडा | सञ्चालक |
| ५. श्री विवेक अग्रवाल | सञ्चालक |
| ६. श्री बिमल प्रसाद ढकाल | सञ्चालक |
| ७. श्रीमती पारुल ढकाल | सञ्चालक |

### ख) पदाधिकारीहरुको उपस्थिति

| | |
|---|---|
| १. श्री सन्तोष प्रसाई | कार्यवाहक प्रमुख कार्यकारी अधिकृत |
| २. श्री सुशील कुमार चौधरी | उप प्रमुख कार्यकारी अधिकृत |
| ३. श्री अमित कुमार क्याल | नायव महाप्रवन्धक |
| ४. श्री ओमप्रकाश पुडासैनी | सहायक महाप्रवन्धक |
| ५. श्री रोशन दवाडी, | लेखा, वित्त तथा प्रशासन प्रमुख |
| ६. श्री भरत के.सी. | कम्पनी सचिव |

### ग) अन्य उपस्थिति

१. अधिबक्ता श्री हरिश्चन्द्र सुबेदी, निर्वाचन अधिकृत

नेपाल लाइफ इन्स्योरेन्स कं. लि. प्रधान कार्यालय

घ) **शेयरधनीहरुको उपस्थिति**

उपस्थित शेयरधनीहरुको संख्या: ३५२ जना

क) शेयरधनी स्वयंबाट : ८८ जना

ख) प्रतिनिधि (प्रोक्सी) बाट : २६४ जना

शेयरको प्रतिनिधित्व संख्या : ३,६०,२१,५२१

शेयर संख्याको प्रतिनिधित्व प्रतिशत : ६५.५४%

ग) यस सभामा सहभागि हुन पाउने कुल १,४८,३३२ शेयरधनीहरु मध्ये उपस्थित शेयरधनीहरु सबै जना सभामा सहभागी हुन योग्य थिए ।

३) **छलफलका विषयसूचीहरु :-**

क) **सामान्य प्रस्ताव**

१) संचालक समितिका तर्फबाट अध्यक्षज्यूबाट पेश हुने आर्थिक वर्ष २०७५।०७६ को वार्षिक प्रतिवेदन पारित गर्ने ।

२) लेखा परीक्षकको प्रतिवेदन सहितको २०७६ साल आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७५/०७६ को आय व्यय हिसाव, नाफा/नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण स्वीकृत गर्ने ।

३) लेखा परीक्षण समितिको सिफारिस बमोजिम आर्थिक बर्ष २०७६/०७७ को लागि लेखा परिक्षक नियुक्ति गर्ने तथा नीजको पारिश्रमिक निर्धारण गर्ने । (बर्तमान लेखापरिक्षक श्री जोशी एण्ड भन्डारी चार्टड एकाउन्टेन्टस पुनः नियुक्त हुन सक्नु हुनेछ)

४) संचालक समितिले प्रस्ताव गरे बमोजिम प्रति शेयर रु.२०/- अर्थात रु.१,०९,९१,४९,७१९/- नगद लाभांश (प्रस्तावित बोनस शेयर तथा नगद लाभांश बापतको कर सहित) वितरण गर्न स्वीकृत गर्ने ।

५) संचालक समितिबाट सर्बसाधारण शेयरधनी समुह (ख) बाट संचालक समितिमा प्रतिनिधित्व गर्ने २ (दुई) जना संचालकको निर्बाचन गर्ने ।

६) संचालक समितिको बैठक भत्ता बारे ।

ख) **बिशेष प्रस्ताव**

१) संचालक समितिले प्रस्ताव गरे बमोजिम बिद्यमान चुक्ता पूँजीको ३१ प्रतिशत बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने । बोनस शेयर जारि पश्चात हुने शेयर संरचना बमोजिम जारी पूँजी तथा चुक्ता पूँजीलाई तदनुरुप बृद्धि गर्ने । बोनस शेयर बितरण गर्दा कायम हुन आउने दशमलव पछिको अंकलाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरि यथावत राख्ने ।

प्रधान कार्यालय

२) कम्पनीको बिद्यमान प्रबन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था अनुसार कम्पनीको प्रति शेयर मुल्य रु.१००।- (एक सय) रहेकोमा सो शेयर मुल्य सम्बन्धी व्यवस्थालाई परिवर्तन गरि प्रति शेयर मुल्य रु.५०।- (पचास) कायम गर्ने । (प्रस्तुत प्रस्ताव सम्बन्धित निकायबाट स्विकृति प्राप्त भए पश्चात् मात्र लागु हुनेछ) ।

३) कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा प्रस्ताव भए बमोजिम आवश्यक संशोधन गर्ने । कम्पनीको प्रवन्धपत्र तथा नियमावलीको प्रस्ताबित संशोधनमा सम्बन्धीत निकायबाट कुनै फेरबदल वा सुझाव भएमा सो सुझाव बमोजिम आवश्यक फेरबदल गर्ने अख्तियारी संचालक समितिलाई दिने प्रस्ताव पारित गर्ने ।

४) कम्पनी ऐन को दफा १०५ (१) (ग) बमोजिम आ.व. २०७५।०७६ मा भएको खर्च अनुमोदन गर्ने ।

ग) विविध

## ४) सूचना प्रकाशन :

संचालक समितिको मिति २०७७/१०/०५ गते बसेको ३१४ औं बैठकको निर्णय बमोजिम कम्पनीको बार्षिक साधारण सभा मिति २०७७ माघ २८ गते रजिर्ष्टर्ड कार्यालय रहेको स्थान बीरगञ्जमा आयोजना हुने भनि मिति २०७७/१०/०६ गते कारोवार दैनिक र दोस्रो पटक मिति २०७७/१०/१३ गते अभियान दैनिकमा सूचना प्रकाशित गरि कम्पनी ऐनमा भएको व्यवस्था बमोजिम कम्पनीको बार्षिक प्रतिवेदन सहितको साधारण सभाको विस्तृत सूचना शेयरधनी महानुभावहरुको कम्पनीमा उपलब्ध ठेगानामा पठाईएको थियो ।

## ५) गणपुरक संख्या

| विवरण | कुल संख्या | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत (प्रोक्सी) | जम्मा उपस्थिति | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | १,४८,३३२ | ८८ | २६४ | ३५२ | - |
| शेयर संख्या | ५,४९,६१,६०८.१ | ३५,८७,५२३ | ३,२४,३३,९९८ | ३,६०,२१,५२१ | ६५.५४% |

## ६) सभाको वैधानिकता तथा सभापतित्व

साधारण सभा हुनु अघि कम्पनी सचिवले उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्नुहुँदै कम्पनी ऐन, २०६३ तथा कम्पनी नियमावली बमोजिमको प्रकिया पुरा गरि कम्पनीको बार्षिक साधारण सभा बोलाईएको र सो सभा सञ्चालन गर्न आवश्यक गणपुरक संख्या पुगेकोले सभा संचालनको लागि बैधानिक प्रक्रिया पुरा भएको जानकारी गराउनु भयो । निर्धारित विषयसूचिमा छलफल गर्ने क्रममा कम्पनी सचिवले अध्यक्षज्यू एवं संचालकज्यूहरुलाई आसन ग्रहण गर्न आग्रह गर्नुभयो । आसन ग्रहण पश्चात् उहाँले अध्यक्ष श्री गोविन्दलाल संघईज्यूलाई साधारण सभाको सभापतित्व ग्रहण गर्न अनुरोध गर्नुभयो र अध्यक्षज्यूले सभाको सभापतिको आसन ग्रहण गर्नुभयो ।

प्रधान कार्यालय

तत्पश्चात् कम्पनी सचिवले साधारण सभाका निर्धारित विषयसूचीहरु सभालाई जानकारी गराउनु भयो । सभाका सभापति श्री गोविन्द लाल संघईज्यूले विषयसूची बमोजिमको कारवाही अगाडि बढाउने अनुमति दिनुभयो ।

७) **सभा संचालन तथा बार्षिक प्रतिवेदन प्रस्तुती**

सभाको काम कारबाहीलाई अगाडि बढाउने क्रममा सभाका सभापति एवं अध्यक्ष श्री गोविन्दलाल संघईज्यूले आ.व. २०७५/०७६ को सञ्चालक समितिको बार्षिक प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो । तत्पश्चात् सभापतिद्धारा सभा समक्ष आ.व. २०७५/०७६ को लेखापरिक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब किताब तथा नगद प्रवाह विवरण प्रस्तुत गर्नुभई सो माथिको छलफलमा भाग लिन तथा कम्पनीको कारोबार सम्बन्धी विविध पक्षहरुमा आफ्नो बिचार मन्तब्य तथा जिज्ञासाहरु ब्यक्त गर्नका लागि शेयरधनीहरुलाई अनुरोध गर्नुभयो ।

८) **छलफलमा सहभागी शेयरधनीको नाम**

छलफलमा सहभागी हुनुभएका शेयरधनीबाट ब्यक्त बिचार तथा सुझावहरुको मुलभुत विषयबस्तुको सारांश निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

१) **श्री नन्द प्रसाद तिवारी**

- बार्षिक साधारण सभा कम्पनीको १ बर्षमा आउने चाड भएको र सभामा सल्लाह सुझावका लागि उपस्थित भएको कुरा ब्यक्त ।
- कम्पनीले शेयरधनीहरुलाई राम्रो प्रतिफल प्रदान गर्दै आएको र यस बर्ष बोनस शेयर तथा नगद लाभांश गरी ५१ प्रतिशत प्रदान गरेकोमा संचालक समिति, ब्यवस्थापन एवं अभिकर्ताहरुलाई धन्यवाद दिनु भयो । साथै शेयरधनीहरुले आगामी दिनमा समेत राम्रो प्रतिफल प्राप्त गर्ने अपेक्षा गर्नु भयो ।
- कम्पनीले सबैको बिश्वास जित्न सफल भएको र बीमितको सेवालाई बिषेश ध्यान दिन तथा आगामी दिनमा बीमित, अभिकर्ता तथा कर्मचारीहरुसंगको सहकार्यमा थप बृद्धि गर्न आवश्यक रहेको ओल्याउनु भयो ।

२) **श्री राजेन्द्र अमात्य**

- कुनै पनि जीवन बीमा कम्पनी लगानीकर्ता, बीमित, अभिकर्ता र कर्मचारीको संयुक्त प्रयासबाट मात्र अगाडी बढने भएकोले उल्लेखित चारवटा पाटो मध्ये एउटा पाटो मात्रै खल्बलिएमा उँचाई हासिल गर्न नसक्ने कुरा ब्यक्त ।
- बार्षिक प्रतिवेदनमा लेखिएका बुँदाहरुको कार्यान्वयन पक्ष बलियो हुनुपर्ने तथा ब्यवस्थापन सबल हुनुपर्ने कुरा ब्यक्त ।

प्रधान कार्यालय

- हाल वितरित भन्दा अझ बढी लाभांश वितरण गर्न सक्ने गरी कम्पनीले प्रगति गरोस भन्ने बिचार सहित कम्पनीको उत्तरोतर प्रगतिको कामना ।

३) **श्री ओम बहादुर के.सी.**

- कम्पनीको साधारण सभा प्राय: बीरगञ्जमा हुने गरेको, कम्पनीमा शेयरधनीहरु धेरै रहेकोको कारणले साधारण सभामा उपस्थित हुन गाह्रो हुने हुँदा देशका अन्य ठाउँमा पनि साधारण सभा गर्नुपर्ने बिचार ब्यक्त ।
- बार्षिक प्रतिवेदनमा उल्लेखित बिषयवस्तुहरु तथा कम्पनीका सुचांकहरु राम्रो रहेको कुरा ब्यक्त ।
- कम्पनी प्रति विश्वास गरी हातेमालो गर्ने बीमितलाई ओझेलमा नपार्न तथा कम्पनीलाई यो उचाईमा पुऱ्याउन योगदान दिने उत्कृष्ट कर्मचारी तथा अभिकर्ताहरुलाई सम्मान गर्नुपर्ने धारणा सहित आगामी साधारण सभामा सो अनुसार हुनेमा विश्वास ब्यक्त ।
- सामाजिक उत्तरदायित्व अन्तर्गत उल्लेखनिय कार्य हुनुपर्ने बिचार ब्यक्त ।

४) **श्री फेकु मिया अन्सारी**

- कुनै पनि बीमा कम्पनीमा एजेन्टको भुमिका महत्वपुर्ण रहने र एजेन्टले दिने ब्यवसायबाटै कम्पनी अगाडी बढने कुरा ब्यक्त ।
- कम्पनीको साधारण सभा बीरगञ्जको साथै अन्य ठाउँमा पनि राख्नुपर्ने एवं बिदाको दिनमा साधारण सभा गर्न अनुरोध ।
- कम्पनीले अझै प्रगति गरोस र बोनस बृद्धि होस भन्ने धारणा ब्यक्त ।

९) **शेयरधनीहरुको जिज्ञासाको जवाफ:**

अध्यक्ष श्री गोविन्द लाल संघईज्यूले सभामा आफनो अमुल्य सुझाव तथा जिज्ञासा राख्नुभएका शेयरधनीलाई हार्दिक धन्यबाद व्यक्त गर्नुहुदै शेयरधनीहरुको प्रश्न तथा जिज्ञासाहरुको जवाफ दिनका लागि कार्यवाहक प्रमुख कार्यकारी अधिकृत श्री सन्तोष प्रसाईज्युलाई निर्देशन दिनु भयो ।

**कार्यवाहक प्रमुख कार्यकारी अधिकृत श्री सन्तोष प्रसाई**

- साधारण सभामा उपस्थित हुनुभएका सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत गर्दै नेपाल लाइफ इन्स्योरेन्स कम्पनीलाई अग्रणी स्थानमा ल्याउनको लागि अहम भुमिका निर्वाह गर्नुहुने लगानीकर्ता, बिमित, अभिकर्ता, कर्मचारीबर्ग लगायत सबैलाई धन्यबाद ब्यक्त ।
- कम्पनी प्रति देखाएको विश्वासको लागि धन्यवाद ब्यक्त गर्दै कम्पनीलाई अगाडी बढाउन प्रयत्नसिल रहने तथा सभामा उठेका सम्पूर्ण बिषयबस्तुलाई सम्बोधन गर्ने प्रतिबद्धता ब्यक्त ।

नेपाल लाइफ इन्स्योरेन्स कं. लि. प्रधान कार्यालय

- प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी प्रदान गरेकोमा संचालक समितिलाई धन्यवाद व्यक्त गर्दै सबै पक्षबाट साथ र सहयोग प्राप्त भएमा कम्पनीलाई अझ राम्रोसंग अगाडी बढाउने प्रतिवद्धता व्यक्त ।
- सभामा प्राप्त सुझावहरुलाई आत्मसात गरिने तथा आपसी छलफलको माध्यमबाट हरेक बिषयबस्तुको निरुपण गरिने छ ।
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका ठोस कार्यक्रमहरु गर्ने प्रतिबद्धता व्यक्त ।
- क्षेत्रीय कार्यालयहरुलाई थप शसक्त बनाउन बिकेन्द्रीकरण निति अनूरुप अधिकार प्रत्यायोजन गरिने छ ।
- कम्पनीले प्रत्येक बर्ष शेयरधनीहरुलाई आकर्षक प्रतिफल प्रदान गर्दै आइरहेको तथा यस्तो प्रतिफल आगामी दिनमा पनि कायम राख्न प्रयत्नसिल रहने ।
- कम्पनीले बिमितहरुलाई आकर्षक बोनस प्रदान गर्दै आईरहेको र आगामी दिनमा पनि राम्रो बोनस दर कायम गरि राख्न प्रयत्नसिल रहने ।

## १०) साधारण सभाको छलफल तथा निर्णयहरु

### क) सामान्य प्रस्ताव

१) सभामा अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको कम्पनीको आ.व. २०७५/०७६ को संचालक समितिको २० औं बार्षिक प्रतिवेदन छलफल पश्चात् निर्णयार्थ प्रस्तुत हुँदा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

२) सभामा आर्थिक बर्ष २०७५/०७६ को लेखापरिक्षकको प्रतिवेदन सहितको २०७६ साल आषाढ मसान्तसम्मको वासलात, सोहि मितिमा समाप्त भएको आर्थिक वर्ष २०७५/०७६ को आयव्यय हिसाब, नाफा / नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण पारित गर्नका लागि सभामा निर्णयार्थ प्रस्तुत हुँदा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

३) सभामा लेखा परिक्षण समितिको सिफारिस बमोजिम श्री जोशी एण्ड भन्डारी चार्टड एकाउन्टेन्ट्सलाई आर्थिक बर्ष २०७६/०७७ को लागि बाह्य लेखा परिक्षकमा नियुक्ति गर्ने र नीजलाई बाह्य लेखापरिक्षण शुल्क बापत रु.३,५०,०००/- ( नियमानुसारको कर वा शुल्क लाग्ने भए सो थप हुने) उपलब्ध गराउने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

४) सभामा संचालक समितिको सिफारिस बमोजिम प्रति शेयर रु.२०।- अर्थात रु.१,०९,९१,४९,७१९/- (बोनस शेयर तथा नगद लाभांश बापतको कर सहित) नगद लाभांश वितरण गर्न स्वीकृतिका लागि सभामा निर्णयार्थ प्रस्तुत हुँदा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

प्रधान कार्यालय

५) (क) सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने 'ख' समुहका २ (दुई) जना सञ्चालक पदको निर्वाचन सम्बन्धमा निर्वाचन अधिकृत, अधिवक्ता श्री हरिश्चन्द्र सुबेदीज्यूलाई निर्वाचन सम्बन्धी विवरण प्रस्तुत गर्न अनुरोध गरिए पश्चात् निर्वाचन अधिकृतज्यूले कम्पनीको सञ्चालक निर्वाचन सम्बन्धी आन्तरिक निर्देशिका, २०६१ बमोजिम निर्वाचन कार्यक्रम प्रकाशित गरी प्रकाशित निर्वाचन सम्बन्धी कार्यक्रममा उल्लेखित समयसीमा भित्र सञ्चालक पद २ (दुई) का लागि उम्मेदवारी दिनेमा श्री विमल प्रसाद ढकालज्यू तथा श्री कृष्णराज लामिछानेज्यू गरी २ (दुई) जनाको मात्र मनोनयन पत्र दर्ता हुन आएको जानकारी सभालाई गराउनु भई श्री विमल प्रसाद ढकालज्यू तथा श्री कृष्णराज लामिछानेज्यू कम्पनीको सञ्चालक पदमा निर्विरोध निर्वाचित भएको घोषणा गर्नुभयो । नव निर्वाचित सञ्चालकहरुलाई निर्वाचन अधिकृतज्यूले प्रमाणपत्र प्रदान गर्नुभई निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य समाप्त भएको घोषणा गर्नुभयो । सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने समुह 'ख' का २ (दुई) जना सञ्चालकको निर्वाचनलाई सभाले सर्वसम्मतिबाट अनुमोदन गऱ्यो ।

नव निर्वाचित सञ्चालकहरुलाई अध्यक्ष श्री गोविन्द लाल संघईज्यूले सञ्चालक समितिको तर्फबाट पुष्पगुच्छा प्रदान गर्नुभई हार्दिक स्वागत एवं बधाई ज्ञापन गर्नुभयो र उहाँहरुले सञ्चालकको हैसियतमा सभामा आसन ग्रहण गर्नुभयो । तत्पश्चात् नवनिर्वाचित सञ्चालकहरुको तर्फबाट श्री कृष्णराज लामिछानेज्यूले सभामा मन्तब्य राख्नु भयो ।

(ख) कम्पनीको संचालक समितिको सदस्य श्री प्रकाश मुन्दडाज्यूले कम्पनीको बृहत्तर विकाशमा पुऱ्याउनु भएको योगदानलाई स्मरण गर्दै कम्पनीको तर्फबाट अध्यक्ष श्री गोविन्द लाल संघईज्यूद्वारा पुष्प गुच्छा तथा मायाको चिनो प्रदान गरी धन्यवाद सहित बिदाई गरियो ।

६) संस्थागत सुशासन निर्देशिका २०७५ को बुदाँ नं १० (१) मा 'सञ्चालकले बैठकमा उपस्थित भए बापत पाउने बैठक भत्ता तथा अन्य सुबिधा कम्पनी सम्बन्धी प्रचलित कानुन बमोजिम बनाईएको बिमकको नियमावलीमा तोकिए बमोजिम हुनेछ' भनि उल्लेख भएको सन्दर्भमा बिद्यमान बैठक भत्तालाई समसामयिक रुपमा बृद्धि गर्न आवश्यक देखि सञ्चालक समितिको मिति २०७७।१०।०५ को ३१४ औं बैठकले अध्यक्षज्युको रु.२२,०००/– र सञ्चालकज्यूहरुको रु.२१,०००/– कायम गर्ने तथा उक्त ब्यवस्थालाई कम्पनीको नियमावलीको नियम १२ संशोधन गरी समाहित गर्ने भनि साधारण सभामा स्वीकृतीका लागि सिफारिस गरेकोले उक्त प्रस्ताव सभामा निर्णयार्थ पेश हुँदा सर्वसम्मतिले स्वीकृत गरियो ।

**ख) <u>विशेष प्रस्ताव</u>**

१) सभामा सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम विद्यमान चुक्ता पूँजीको ३१ प्रतिशत बोनस शेयर जारी गर्न स्वीकृति प्रदान गरियोस भनि अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव

प्रधान कार्यालय

सर्वसम्मतिबाट पारित गरियो साथै बोनस शेयर जारि पश्चात हुने शेयर संरचना बमोजिम जारी पूँजी तथा चुक्ता पूँजीलाई तदनुरुप बृद्धि गर्ने एवं बोनस शेयर वितरण गर्दा कायम हुन आउने दशमलव पछिको अंकलाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरि यथावत राख्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

२) कम्पनीको बिद्यमान प्रबन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था अनुसार कम्पनीको प्रति शेयर मुल्य रु.१००।- (एक सय) रहेकोमा सो प्रति शेयर मुल्य सम्बन्धी व्यवस्थालाई परिवर्तन गरि प्रति शेयर मुल्य रु.५०।- (पचास) कायम गर्ने र प्रस्तुत प्रस्ताव सम्बन्धित निकायबाट स्विकृति प्राप्त भए पश्चात् मात्र लागु हुने बारे सभामा प्रस्ताव प्रस्तुत हुँदा सर्वसम्मतिले पारित गरियो ।

३) कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धि प्रस्ताव सभामा प्रस्तुत भई छलफल पश्चात् देहाय बमोजिम कम्पनीको प्रवन्धपत्रको दफा २ (ख), दफा ५ (क), ५ (ख), ५ (घ) तथा नियमावलीको नियम ५ (क), ५ (ख), ५ (ग), ५ (ङ) तथा नियम १२ मा संशोधन गर्ने निर्णय गरियो । साथै सभामा कम्पनीको प्रवन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा सम्बन्धित नियमनकारी निकाय तथा अन्य निकायहरुबाट स्वीकृत लिने क्रममा कुनै फेरबदल वा सुझाव भएमा सो सुझाव बमोजिम आवश्यक फेरबदल वा संशोधन गर्ने अख्तियारी सञ्चालक समितिलाई दिने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**प्रवन्धपत्रमा भएको संशोधन**

| दफा | हाल कायम रहेको व्यवस्था | संशोधित भई कायम हुने ब्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|
| दफा २(ख) | ख) **कम्पनीको कारोबार गर्ने स्थान**<br><br>यस कम्पनीको कारोबार गर्ने स्थान काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३१, हेरिटेजप्लाजा, कमलादीमा हुनेछ । आवश्यकता अनुसार सम्बन्धीत निकायको स्वीकृति लिई स्वदेश भित्र शाखा तथा उपशाखा कार्यालय स्थापना गरि कारोबार गर्न सकिने छ । | ख) **कम्पनीको कारोबार गर्ने स्थान**<br><br>यस कम्पनीको कारोबार गर्ने स्थान काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. २८, कमलादीमा हुनेछ । आवश्यकता अनुसार सम्बन्धीत निकायको स्वीकृति लिई स्वदेश भित्र शाखा तथा उपशाखा कार्यालय स्थापना गरि कारोबार गर्न सकिने छ । | कम्पनीको प्रधान कार्यालय हेरिटेजप्लाजा, कमलादी काठमाण्डौंबाट कार्यालय स्थानान्तरण भएकोले । |
| दफा ५(क) | कम्पनीको अधिकृत पूँजी रु.१०,००,००,००,०००/– (दश अर्व) हुनेछ । उक्त पूँजीलाई प्रतिशेयर रु.१०० (एक सय) का दरले हुने गरी | कम्पनीको अधिकृत पूँजी रु.१०,००,००,००,०००/– (दश अर्व) हुनेछ। उक्त पूँजीलाई प्रतिशेयर रु.५० (पचास) का दरले हुने गरी | विद्यमान प्रति शेयर अंकित मुल्यलाई कम गरी साना लगानीकर्ताहरुको |

प्रधान कार्यालय

| | | | |
|---|---|---|---|
| | १०,००,००,०००/– (दश करोड) थान शेयरमा विभाजन गरिएको छ । | २०,००,००,००० (बिस करोड) थान शेयरमा विभाजन गरिएको छ । | पहुँच बृद्धि गर्न आवश्यक भएकोले । |
| दफा ५(ख) | कम्पनीको तत्काल जारी पूँजी रु.५,४९,६१,६०,८१०/-(अक्षरुपी पाँच अर्ब उनचास करोड एकसट्ठी लाख साठी हजार आठ सय दश) हुनेछ । | कम्पनीको तत्काल जारी पूँजी रु.७,१९,९९,७०,६६१/- (अक्षरुपी सात अर्ब उन्नाईस करोड उनान्सय लाख सत्तरी हजार छ सय एकसट्ठी) हुनेछ । | बोनस शेयर जारी गर्दा विद्यमान जारी पूँजी अपुग हुने भई जारी पुँजीलाई बृद्धि गर्न आवश्यक भएकोले । |
| दफा ५(घ) | कम्पनीको चुक्ता पूँजी रु.५,४९,६१,६०,८१०/-(अक्षरुपी पाँच अर्ब उनचास करोड एकसट्ठी लाख साठी हजार आठ सय दश) हुनेछ । | कम्पनीको चुक्ता पूँजी रु.७,१९,९९,७०,६६१/-(अक्षरुपी सात अर्ब उन्नाईस करोड उनान्सय लाख सत्तरी हजार छ सय एकसट्ठी) हुनेछ । | बोनस शेयर जारी गर्दा चुक्ता पूँजी बृद्धि हुने भएकोले । |

## नियमावलीमा भएको संशोधन

| नियम | हाल कायम रहेको व्यवस्था | संशोधित भई कायम हुने व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|
| नियम ५(क) | कम्पनीको अधिकृत पूँजी रु.१०,००,००,००,०००/– (दश अर्ब) हुनेछ । उक्त पूँजीलाई प्रतिशेयर रु.१०० (एक सय) का दरले हुने गरी १०,००,००,०००/– (दश करोड) थान शेयरमा विभाजन गरिएको छ । | कम्पनीको अधिकृत पूँजी रु.१०,००,००,००,०००/– (दश अर्ब) हुनेछ। उक्त पूँजीलाई प्रतिशेयर रु.५० (पचास) का दरले हुने गरी २०,००,००,००० (बिस करोड) थान शेयरमा विभाजन गरिएको छ । | विद्यमान प्रति शेयर अंकित मुल्यलाई कम गरी साना लगानीकर्ताहरुको पहुँच बृद्धि गर्न आवश्यक भएकोले । |
| नियम ५(ख) | कम्पनीको तत्काल जारी पूँजी रु.५,४९,६१,६०,८१०/-(अक्षरुपी पाँच अर्ब उनचास करोड एकसट्ठी लाख साठी हजार आठ सय दश) हुनेछ । | कम्पनीको तत्काल जारी पूँजी रु.७,१९,९९,७०,६६१/- (अक्षरुपी सात अर्ब उन्नाईस करोड उनान्सय लाख सत्तरी हजार छ सय एकसट्ठी) हुनेछ । | बोनस शेयर जारी गर्दा विद्यमान जारी पूँजी अपुग हुने भई जारी पुँजीलाई बृद्धि गर्न आवश्यक भएकोले । |
| नियम ५(ग) | कम्पनीको प्रति शेयर मुल्य रु.१००/- हुनेछ । | कम्पनीको प्रति शेयर मुल्य रु.५०/- हुनेछ । | विद्यमान प्रति शेयर अंकित मुल्यलाई कम गरी साना लगानीकर्ताहरुको पहुँच बृद्धि गर्न |

| | | | |
|---|---|---|---|
| | | | आवश्यक भएकोले । |
| नियम ५(ङ) | कम्पनीको चुक्ता पूँजी रु.५,४९,६१,६०,८१०/- (अक्षरुपी पाँच अर्ब उनचास करोड एकसट्ठी लाख साठि हजार आठ सय दश) हुनेछ । | कम्पनीको चुक्ता पूँजी रु.७,१९,९९,७०,६६१/- (अक्षरुपी सात अर्ब उन्नाईस करोड उनान्सय लाख सत्तरी हजार छ सय एकसट्ठी) हुनेछ । | बोनस शेयर जारी गर्दा चुक्ता पूँजी बृद्धि हुने भएकोले । |
| नियम १२ | **नियम १२ संचालकहरुको सेवा सुविधा र भत्ता सम्वन्धि व्यवस्था:**<br>(क) अध्यक्ष तथा संचालकहरुको बैठक भत्ता तथा अन्य सुविधा निम्नानुसार हुनेछ ।<br>बैठक भत्ता: अध्यक्ष – प्रति बैठक रु.१९,०००/–<br>संचालक– प्रति बैठक रु.१८,०००/– | **नियम १२ संचालकहरुको सेवा सुविधा र भत्ता सम्वन्धि व्यवस्था:**<br>(क) अध्यक्ष तथा संचालकहरुको बैठक भत्ता तथा अन्य सुविधा निम्नानुसार हुनेछ ।<br>बैठक भत्ता: अध्यक्ष – प्रति बैठक रु.२२,०००/–<br>संचालक–प्रति बैठक रु.२१,०००/– | समय सापेक्ष रुपमा बृद्धि गर्न आवश्यक देखिएकोले । |

४. कम्पनीले आ.व २०७५/०७६ मा सामाजिक उत्तरदायित्व अन्तर्गत बिभिन्न कार्यका लागि कुल रु.१,७५,०००।- रकम चन्दा शिर्षक अन्तर्गत लेखाङ्कन गरिएकोले कम्पनी ऐनको दफा १०५ (ग) बमोजिम अनुमोदनका लागि पेश हुदाँ सभाद्वारा सर्वसम्मतिले अनुमोदन गरियो ।

ग) **विविध ।**

विविध बिषय अर्न्तगत छलफलका लागि अन्य कुनै बिषय नभएको र सबै निर्धारित कार्यसूची बमोजिम छलफल भएको जानकारी सभामा गराईयो ।

**११. धन्यवाद तथा सभा विसर्जन**

कार्यक्रमको अन्त्यमा, सभापतिज्यूले बिसौं बार्षिक साधारण सभामा उपस्थित हुनुभएका शेयरधनी महानुभावहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरुलाई साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउनु भएकोमा हार्दिक धन्यवाद दिंदै सभा बिर्सजन भएको घोषणा गर्नुभयो ।

(भरत के.सी.)
कम्पनी सचिव

प्रधान कार्यालय

(गोविन्द लाल संघई)
अध्यक्ष